# मार्टिन चौतारीको आर्थिक वर्ष २०६६/६७ को वार्षिक प्रतिवेदन

विगत करिब दुई दशकदेखि विभिन्न विषयमा अनौपचारिक तर गहन छलफल चलाउँदै आएको मार्टिन चौतारीले हालैका वर्षहरूमा बहस-छलफलका अतिरिक्त अनुसन्धान, पुस्तक/जर्नल प्रकाशन, पुस्तकालय सञ्चालन, मेन्टरिङ लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आर्थिक वर्ष (आ.व) २०६६/६७ देखि मार्टिन चौतारीले डानिडा हुगो (DanidaHUGOU) को रणनीतिक सहयोगी संस्थाको रूपमा चार वर्षसम्म काम गर्नका लागि अनुदान प्राप्त गऱ्यो। पहिलो वर्षको प्रतिबद्धताअनुसार वार्षिक कार्ययोजना र बजेटअनुरूप आ.व. २०६६/६७ मा चौतारीले विभिन्न कार्यक्रमहरू कार्यान्यवन गऱ्यो। यस प्रतिवेदनमा चालू आर्थिक वर्ष २०६६/६७ (२०६६ साउनदेखि २०६७ असार मसान्तसम्म) मा चौतारीले सम्पन्न गरेका कामहरूको विवरण दिइएको छ।

## १. चौतारी छलफल शृङ्खला

मार्टिन चौतारीले आफ्नो स्थापना कालदेखि नै विभिन्न विषयमा छलफल चलाउँदै आएको छ। र, अनौपचारिक छलफल कार्यक्रम चौतारीको चिनारी पनि हो। हाल छलफल शृङ्खलाअन्तर्गत प्रत्येक आइतबार अनुसन्धानका विषय, प्रत्येक मङ्गलबार विभिन्न समसामयिक विषयमा र प्रत्येक विहीबार मिडियासम्बन्धी छलफल हुन्छ। आर्थिक वर्ष २०६६/६७ मा मार्टिन चौतारीमा जम्मा १५२ ओटा छलफल भए। आइतबार, मङ्गलबार र बिहीबारको नियमित छलफल शृङ्खलाबाहेक २१ ओटा अतिरिक्त छलफल भए। यस वर्ष विदा र बन्दका कारण २१ ओटा छलफल हुन सकेनन्। यस आर्थिक वर्षमा चौतारी छलफल संयोजनको जिम्मा सङ्गीता पाण्डेले लिनुभएको थियो। तर, मे २०१० देखि उहाँले संयोजनको कार्यबाट छुट्टी लिनुभयो।

फेब्रुअरी २०१० बाट आइतबारको छलफललाई अनुसन्धानकेन्द्रित गरिएको छ। यसअघि अन्तर्राष्ट्रिय (अंग्रेजी) महिनाको पहिलो आइतबार साहित्य/पुस्तक, दोस्रो आइतबार अनुसन्धान, तेस्रो आइतबार युवा र पुस्तक र चौथो आइतबार 'नेपालमा के भइरहेको छ ?' छलफल शृङ्खला सञ्चालन भइरहेका थिए। फेब्रुअरीपछि भने आइतबार भइरहेका अनुसन्धानबाहेकका छलफल शृङ्खलालाई मङ्गलबार सारिएको छ। मार्टिन चौतारीसँग मिलेर लसना कला समूहले सञ्चालन गरेको कला छलफल प्रत्येक महिनाको अन्तिम मङ्गलबार सञ्चालन भैरहेको छ। महिला वक्ता र महिलासम्बन्धी विषय लाई प्रोत्साहन गर्ने प्रयास जारी छ। मार्च महिनाभरीका ११ ओटा छलफलमा महिला वक्ता र सहभागिता बढाउन गरिएको विगतदेखिको प्रयासलाई यस वर्ष (मार्च २०१०) पनि निरन्तरता दिइयो।

### *१.१ आइतबारे*

यस आर्थिक वर्षमा जम्मा ३९ ओटा *आइतबारे* छलफल भए। बन्द र दशैं तिहारजस्ता विदाका कारण ११ ओटा छलफल हुन सकेनन्। छलफलका विषय र वक्ताको विवरण अनुसूची १ मा दिइएको छ।

### *१.२ मङ्गलबारे*

यस आर्थिक वर्षमा जम्मा ४५ ओटा *मङ्गलबारे* छलफल भए। बन्द र दशैं तिहारजस्ता विदाका कारण ७ ओटा छलफल हुन सकेनन्। छलफलका विषय र वक्ताको विवरण अनुसूची २ मा दिइएको छ।

### *१.३ बिहीबारे (मिडिया छलफल र फिल्म प्रदर्शन/छलफल)*

बिहीबार हुने मिडिया छलफल शृङ्खलाअन्तर्गत एक हप्तामा छलफल र अर्को हप्ता फिल्म/डकुमेन्ट्री प्रदर्शन हुने गरेको छ। यस आर्थिक वर्षमा *विहिबारे* छलफल शृङ्खलाअन्तर्गत जम्मा ४७ ओटा छलफल भए। जसमध्ये २४ ओटा छलफल र २३ ओटा फिल्म/डकुमेन्ट्री प्रदर्शन तथा छलफल भए। बन्द र दशैं तिहारजस्ता विदाका कारण ६ ओटा कार्यक्रम हुन सकेनन्। छलफलका विषय र वक्ताको विवरण अनुसूची ३ मा दिइएको छ।

### *१.४ अतिरिक्त छलफल*

चौतारीमा हप्ताको तीन दिन नियमित सञ्चालन हुने छलफलबाहेक यस वर्ष २१ ओटा अतिरिक्त छलफल भए। अतिरिक्त छलफलका विषय र वक्ताको विवरण अनुसूची ४ मा दिइएको छ।

### *१.५ सम्मेलन*

यस आर्थिक वर्षमा मार्टिन चौतारीले तीन ओटा अन्तराष्ट्रियस्तरका सम्मलेनहरू आयोजना र सहआयोजना गऱ्यो । युनिभर्सिटी अफ आरहस, डेनमार्कका करिन भ्यालेन्टिनको विशेष पहलमा गरिएको Nepal-Indo Migration in the Context of South Asian Mobility Pattern विषयक पहिलो सम्मेलनको चौतारी सहआयोजक थियो । बनेपा, धुलिखेलमा ३-४ अप्रिल २०१० मा सम्पन्न यस सम्मलेनमा डेनमार्क, फ्रान्स, जर्मनी, भारत, नेपाल र श्रीलङ्काका अनुसन्धाताहरूका दशओटा कार्यपत्र प्रस्तुत गरिएका थिए । सम्मलेनमा २३ अनुसन्धाता सहभागी थिए ।

मार्टिन चौतारी र सोसल साइन्स बहाःको सहआयोजनामा Conflict, Transition and Possibilities for Peace in Nepal: Challenges to Engagement, Practice and Scholarship विषयक अर्को सम्मेलन ३-४ जुलाई २०१० मा काठमाण्डुमा सम्पन्न भयो । सम्मेलनको मुख्य आयोजक डा. सिलेन हिटन श्रेष्ठ र रुथ मार्सडनले गरेका थिए । सम्मलेनमा नेपाललगायत विभिन्न देशका अनुसन्धाताले १३ ओटा कार्यपत्र प्रस्तुत गरेका थिए । ७१ जना सहभागी रहेको उक्त सम्मेलनको खर्चको सानो हिस्सा चौतारीले बेहोरेको थियो । मार्टिन चौतारीको निमन्त्रणामा श्रीलङ्काबाट डा. दारिनी राजासिङ्गम-सेनानायकेले यस सम्मलेनमा भाग लिएकी थिइन् । सम्मेलनमा प्रस्तुत एउटा कार्यपत्रमाथि उनले टिप्पणी गरेकी थिइन् भने आफ्नो एकहप्ते नेपाल बसाइमा दुई ठाउँमा प्रस्तुति दिएकी थिइन् । त्यसमध्ये एउटा प्रस्तुति अतिरिक्त छलफलका रूपमा मार्टिन चौतारीमा भएको थियो (हेर्नुहोस् अनुसूची ४) । उनको भ्रमण खर्च मार्टिन चौतारीको रणनीतिक सहयोगी (strategic partner) नर्वेजियन चर्च एडको कोलोम्बोस्थित कार्यालयले बेहोरेको थियो । त्यस्तै, यो आ.व. (२६-२७ अप्रिल २०१०) मा चौतारी स्वयंले आफ्नै खर्चमा उच्च शिक्षा क्षेत्रमा South Asia Conference: Enhancing Social Inclusion in Higher Education and Research विषयक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । यसबारे तल ६.१.३ मा थप चर्चा गरिएको छ ।

## २. पुस्तक/जर्नल प्रकाशन

पुस्तक/जर्नल प्रकाशन चौतारीको अर्को नियमित कार्य हो । यस आर्थिक वर्षमा मार्टिन चौतारी पुस्तक शृङ्खलाअन्तर्गत जम्मा ५ ओटा पुस्तक प्रकाशित भए । प्रकाशित पुस्तकहरू निम्न छन् :

१. *तराई-मधेस सन्दर्भ ग्रन्थ* (सन् २००९, चौतारी पुस्तक शृङ्खला ५४, सङ्कलक तीर्थ विष्ट र चिरन मानन्धर)
२. *Education in Nepal: Problems, Reforms and Social Change* (2009, Chautari Book Series 55, Pramod Bhatta, ed.)
३. *Developing Alternative Media Traditions in Nepal* (2009, Chautari Book Series 56, Michael Wilmore)
४. *राज्य पुनःसंरचना र संविधान सभाः सन्दर्भ ग्रन्थ* (सन् २००९, चौतारी पुस्तक शृङ्खला ५७, सङ्कलक कैलाश राई र चिरन मानन्धर)
५. *मिडिया अध्ययन ५* (सन् २०१०, चौतारी पुस्तक शृङ्खला ५८, देवराज हुमागाईं, शेखर पराजुली र प्रत्यूष वन्त, सं.)

मार्टिन चौतारीबाट यो आ.व.मा प्रकाशित सबै पाँच ओटा पुस्तकका समीक्षा नेपाली छापामा भएका छन् । यसै गरी *Studies in Nepali History and Society* का Vol 13(2) र 14(1) दुई अङ्क मार्टिन चौतारी समेतको संलग्नतामा तयार गरी मण्डला बुक प्वाइन्टबाट प्रकाशित भए । Vol 13(2) र 14(1) का विषयसूची मार्टिन चौतारीको वेबसाइट लिङ्क www.martinchautari.org.np/sinhas_vol_13_2.html र www.martinchautari.org.np/sinhas_14_1.html मा उपलब्ध छन् । Vol 14(2) को काम पनि पूरा भइसकेको छ र यो चाँडै प्रेसमा जाँदैछ ।

## ३. मार्टिन चौतारी पुस्तकालय

मार्टिन चौतारी पुस्तकालयमा असार २०६७ सम्ममा जम्मा १५,२६२ पुस्तक सङ्कलन भइसकेका छन् जसमध्ये करिब ४,२०० पुस्तक नेपाली भाषाका छन् । पुस्तकबाहेक स्नातकोत्तर तह र विद्यावारिधिका शोधपत्र, अप्रकाशित प्रतिवेदनहरू पनि संकलित छन् । मिडियासम्बन्धी सामग्रीलाई व्यवस्थित बनाएर राख्नका लागि सुरुआतमा (सन् २००५-२००८) डानिडाबाट आर्थिक सहयोग प्राप्त भएकाले तुलनात्मक रूपमा मिडियासम्बन्धी सामग्री धेरै छन् । पुस्तकालयमा मिडियाका पुस्तकहरू ३,२३३ (नेपाली-विदेशी गरी), नेपाली मिडियाबारे अप्रकाशित प्रतिवेदनहरू १८२, कार्यपत्रहरू २५४, शोधपत्रहरू १४२, मिडियासम्बन्धी आर्टिकल १,१६० छन् । मिडियाबाहेक अरु विषयका

नेपालसम्बन्धी ७२२ लेखहरू सङ्गृहित छन् । मिडियाबाहेक राजनीतिशास्त्र, लैङ्गिकता, शिक्षा, वातावरण, इतिहास, धर्म, स्वास्थ्य, अर्थशास्त्र, साहित्य आदि विषयका पुस्तकहरू पनि उलेख्य मात्रामा पुस्तकालयमा छन् ।

१ साउन २०६६ देखि २०६७ सालको असार मसान्तसम्ममा जम्मा २,६४९ ओटा पुस्तकहरू पुस्तकालयमा थपिए । यीमध्ये २,१०८ ओटा किनिएका र बाँकी ५४१ ओटा पुस्तकहरू उपहारस्वरूप चौतारी पुस्तकालयलाई प्राप्त भएका हुन् । त्यस्तै, यस पुस्तकालयमा १२ वटा दैनिक, १९ वटा साप्ताहिक र १९ वटा म्यागजिन नियमित रूपमा आउँछन् ।

चौतारी पुस्तकालयलाई थप व्यवस्थित गर्न २१ साउन २०६६ देखि छुट्टै अध्ययन-कक्षको व्यवस्था गरिएको छ । र, सोही भवनमा पुराना पत्रिकाहरु पनि राखिएको छ । तैपनि चौतारी पुस्तकालयमा पत्रपत्रिकाका लागि ठाउँको अभाव पुनः देखिएको छ । पुस्तकको बढ्दो चाप यथावत छ । यस आर्थिक वर्षमा लाइब्रेरी म्यानुअल तयार भएको छ । म्यानुअलमा पुस्तकालयका सामग्रीको सङ्कलन, व्यवस्थापन, सुरक्षा, पुस्तकालय खोल्ने/बन्द गर्ने समय र पुस्तकालयका कर्मचारीबारे विस्तृतमा चर्चा गरिएको छ ।

## ४. मिडिया अनुसन्धान इकाइ

मिडिया अनुसन्धान कार्यक्रमअन्तर्गत यस वर्ष शेखर पराजुली, देवराज हुमागाईं, हर्षमान महर्जन र अर्जुन पन्थी मिलेर नेपालमा मिडिया तालिमको अभ्यासबारे अनुसन्धान गर्ने काम भयो । ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई) को आर्थिक सहयोगमा सम्पन्न यस अध्ययनको उपजको रूपमा अङ्ग्रेजी भाषामा अनुसन्धान प्रतिवेदन तयार पारियो । अनुसन्धानकर्ताहरूद्वारा सुरुमा नेपालीमा लेखिएको सो प्रतिवेदनको मस्यौदालाई प्रत्यूष वन्त, रमेश पराजुली, राम तिवारी, रश्मी डंगोल तथा उमेश रेग्मीले अङ्ग्रेजीमा अनुवाद गर्नु भएको हो । जम्मा सात अध्यायमा विभाजित उक्त अनुसन्धान प्रतिवेदन ओएसआईलगायत सरोकारवाला अन्य संस्थाहरूमा पुस २०६६ (जनवरी २०१०)मा वितरण गरियो । अप्रकाशित प्रतिवेदन तयार भएपछि त्यसलाई नेपाली भाषामा पुस्तकका रूपमा प्रकाशन गर्ने योजना बनेको छ । अनुसन्धानमा आवश्यक खर्च गरी बचेको केही रकम (करिब रु. ३०,०००) पुस्तक प्रकाशनमा खर्च गर्ने तथा आयोजनाको अवधि अगस्त २०१० अन्त्यसम्म थप गरिदिन आएसआईलाई अनुरोध गरियो । उक्त संस्थाले स्वीकृति जनाएपछि केही थप अनुसन्धान गरी पहिलेको नेपाली मस्यौदामा परिमार्जन गर्ने काम अन्तिम चरणमा पुगिसकेको छ । निर्धारित मिति (अगस्त २०१०) भित्रै पुस्तक प्रकाशन गर्ने योजना छ ।

यही वर्ष माइकल विल्मोरको पुस्तक *Developing Alternative Media Traditions in Nepal* को दक्षिण एसिया संस्करणका रूपमा मार्टिन चौतारीले पुनःमुद्रण गऱ्यो । सन् २००८ मा लेक्सिङ्टन बुक्सले प्रकाशन गरेको यो पुस्तकलाई उक्त प्रकाशक तथा लेखकसँग स्वीकृति लिएर पुनःमुद्रण गरिएको हो ।

वार्षिक मिडिया जर्नल *मिडिया अध्ययन*को पाँचौं अङ्क २०६७ (सन् २०१०) यस आर्थिक वर्षमा प्रकाशित भयो । जम्मा ३६० पेजको यो जर्नलमा १८ लेखकका विभिन्न सामग्री छापिएको छ । जर्नलको यस अङ्कको संयोजन र सम्पादन देवराज हुमागाईं, शेखर पराजुली र प्रत्यूष वन्तले गर्नुभएको हो । यस जर्नलमा मार्टिन चौतारीभित्रैबाट हर्षमान महर्जन, अनुभव अजीत र अर्जुन पन्थीले तयार गर्नुभएका अनुसन्धानात्मक लेख परेका छन् । साथै सन् २००९ मा चौतारी मिडिया फेलोसिप पाउने इन्द्रध्वज क्षेत्रीको लेख पनि त्यहाँ परेको छ । यस जर्नलको विषयसूची www.martinchautari.org.np/back_issue_media_adhyayan_5_2010.html मा उपलब्ध छ ।

मार्टिन चौतारीको वार्षिक योजना तथा कार्यक्रममा उल्लेख भए पनि यस वर्ष २ ओटा पुस्तक प्रकाशन हुन सकेनन् । एउटा पुस्तक मिडिया र द्वन्द्वबारे पूर्व प्रकाशित तथा नयाँ लेखहरू राखेर प्रकाशन गर्ने योजना थियो । तर, पर्याप्त लेखहरू प्राप्त नभएकाले पुस्तक प्रकाशन गर्न सकिएन । यो पुस्तकमा राख्ने उद्देयले लेख्न लगाइएको कृष्ण अधिकारी र तुलानारायण साहका दुई ओटा लेख *मिडिया अध्ययन*को पाँचौं अङ्कमा प्रकाशन गरियो । त्यसैगरी, अर्को पुस्तक दलित र मिडियाबारे थियो । मार्टिन चौतारी बाहिरका लेखक जे.वी. विश्वकर्माले आफ्नो कार्य व्यस्तताका कारण समयमै पाण्डुलिपी उपलब्ध गराउन नसक्दा यो वर्ष उक्त पुस्तक प्रकाशन हुन सकेन । यो पुस्तक अगामी आ.व.को मध्यतिर प्रकाशन गर्ने योजना छ ।

मिडिया फेलोसिप २००९ पाएका ६ अनुसन्धातामध्ये ५ ले आफ्नो काम सकेर प्रतिवेदन र सो आधारमा तयार पारिएको नेपाली लेख बुझाए । एक जनाले भने अन्तिम समयमा आएर आफ्नो व्यक्तिगत कारणले अनुसन्धान पूरा गर्न नसक्ने भनी निवेदन दिए । काम पूरा नभएकाले उनले पाउने बाँकी तीन चौथाई रकम (एक चौथाई रकम सुरुमा सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिमा दिइएको थियो) रोक्का गरी उनलाई विदा दिइयो । लेख बुझाउनेमध्ये इन्द्रध्वज क्षेत्रीको लेख *मिडिया अध्ययन*को पाँचौं अङ्कमा छापिए पनि अन्य चार जनाको लेख भने आवश्यक पुनर्लेखन र परिमार्जन पछि सोही जर्नलको आगामी अङ्कमा छाप्ने योजना छ । आगामी आर्थिक वर्ष

२०६७/६८ मा दिइने मिडिया फेलोसिप २०१० का लागि पनि आवेदन आह्वान गरी ३ जना शोधकर्ताहरू छनोट गर्ने काम भइसकेको छ । उनीहरूको प्रस्तावमा आवश्यकताअनुसार केही परिमार्जनपश्चात २०६७ भदौदेखि काम सुरु गर्ने गरी उनीहरूसँग ६ महिनाको सम्झौता भएको छ । हरेकलाई पचास हजार रुपियाका दरले फेलोसिप प्रदान गरिएको छ ।

मार्टिन चौतारीमा नियमित हुने मिडिया छलफलबारे *बिहिबारे* छलफल शीर्षकअन्तर्गत चर्चा भैसक्यो । त्यस अतिरिक्त यसै परियोजनाअन्तर्गत तीनओटा विशेष अन्तर्क्रिया कार्यक्रमहरू पनि गरिएका थिए । तीमध्ये 'छापा माध्यममा बढ्दो प्रतिस्पर्धा : युवा पत्रकारका अवसर र व्यावसायिकताको सन्दर्भ' विषयक पहिलो कार्यक्रम ४ भदौ २०६६ मा कुपन्डोलस्थित होटल हिमालयमा सम्पन्न भयो । दोस्रो कार्यक्रम 'सञ्चारमाध्यममा संविधानसभासम्बन्धी कभरेज' शीर्षकमा फागुन १३ गते मार्टिन चौतारीमा आयोजना गरियो । यी दुवै कार्यक्रम सामाजिक संवादका लागि सहकार्य (एएसडी) सँग मिलेर गरिएका थियो । अर्को कार्यक्रम 'नेपाली मिडियामा आर्थिक-राजनीतिक प्रभाव' शीर्षकमा मार्टिन चौतारीमा ३ असार २०६७ मा गरिएको थियो ।

मार्टिन चौतारीले यसै वर्ष पहिलो पटक 'मिडिया अनुसन्धान सम्मेलन २०१०' आयोजना गऱ्यो । यो सम्भवतः नेपालमा आयोजित पहिलो मिडिया अनुसन्धान सम्मेलन हो । यसका लागि अनुसन्धानको सारसहितको आवेदन आह्वान गरेअनुरूप जम्मा २२ जनाको आवेदन परेको थियो । त्यसमध्ये १२ जनालाई छनोट गरी अनुसन्धान पत्र प्रस्तुतीको मौका दिइयो । २०६६ चैत १२-१३ मा आयोजना गरिएको उक्त सम्मेलनमा छापामाध्यमको अभ्यास र मिडिया अनुसन्धानसम्बन्धी दुईओटा छुट्टाछुट्टै प्यानल छलफल पनि भएको थियो । यस्तो सम्मेलन हरेक वर्ष गर्दै जाने योजना छ ।

यसै वर्षको सुरुमा मिडिया अनुसन्धान समूहका सदस्य कृष्ण अधिकारी र वर्षको अन्तिम समयतिर अर्का सदस्य शेखर पराजुलीले मार्टिन चौतारीबाट अवकास लिनुभयो । साधारण सदस्यका रूपमा भने उहाँहरू दुवै चौतारीसँग संवद्ध हुनुहुन्छ ।

## ५. लोकतन्त्र र शासनपद्दति (democracy and governance) इकाइ

मार्टिन चौतारीले आ.व. २०६६-६७ मा democracy and governance शीर्षकअन्तर्गत विभिन्न कार्यक्रमहरू प्रस्ताव गरेको थियो जसमध्ये संविधान निर्माण प्रक्रियालाई नजिकबाट अनुगमन गर्ने, संविधानसभामा उठ्ने या उठाइनु पर्ने महिला तथा वहिष्कृत समुदाय एवं संघीयता, क्षेत्रीयता जस्ता मुद्दाहरूलाई जनमानसमा पुऱ्याई विभिन्न तह--राष्ट्रिय, क्षेत्रीय, स्थानीय--मा सघन अन्तरक्रियात्मक छलफल गराउने लक्ष्य राखिएको थियो । सोहीअनुरूप आ.व. २०६६/६७ मा निम्न कार्यहरू सम्पन्न भए ।

### *५.१ नीतिपत्रहरूको प्रकाशन*

माथि भनिएझैं चौतारीले संविधानसभालाई केन्द्रविन्दुमा राखेर यस आर्थिक वर्षमा दुई ओटा नीतिपत्र (नीतिपत्र २ः सुस्त गतिमा संविधान लेखन प्रक्रिया, २०६६ कार्तिक, र नीतिपत्र ३ः संवैधानिक जटिलता र संक्रमणकालीन योजना, २०६७ वैशाख) प्रकाशन गरिसकेको छ । नीतिपत्र १ अघिल्लो आ.व.मा प्रकाशन भएको थियो । नीतिपत्र ४ को मस्यौदा पनि सकिएको छ, र अर्को आर्थिक वर्षको सुरुतिर प्रकाशन हुनेछ । नीतिपत्रहरू अंग्रेजीमा र नेपाली दुवै भाषामा छापेर ब्यापक वितरण गर्ने गरिएको छ । प्रत्येक अङ्क नेपालीमा २ हजार प्रति र अंग्रेजीमा १ हजार प्रति छापिएको थियो । यी पत्रहरू चौतारीको वेबसाइटमा राख्ने गरिएको छ । इमेलमार्फत पनि विभिन्न व्यक्ति या संस्थाहरूसम्म लिंक पठाइएको छ । रुचि हुने जोसुकैले सजिलै यसलाई डाउनलोड गर्न सक्छन् । त्यस्तै सो पत्र डिजिटल हिमालय नामक वेबसाइटमा पनि राखिएको छ । नीति पत्र १ र २ लाई सामान्य परिमार्जनसहित *Studies in Nepali History and Society* जर्नलमा पनि प्रकाशन गरिएको छ ।

### *५.२ संविधान निर्माण प्रक्रियासम्बन्धी छलफल*

मार्टिन चौतारीले यो आर्थिक वर्षमा संविधानसभामा भए-गरेका काम-कारवाही र उठिरहेका मुद्दाहरूलाई लिएर देशभित्रका चार स्थानमा गहन अन्तरक्रियात्मक छलफल चलाउने योजना बनाएको थियो । सोहीअनुरूप काभ्रे, तनहुँ, धनकुटा र बैतडीमा 'संविधान निर्माण प्रक्रियाका बहसहरू' शीर्षकअन्तर्गत अन्तरक्रियात्मक बहस-छलफलका कार्यहरू सम्पन्न गरिए । कार्यक्रमहरूमा प्रमुख वक्ताको रूपमा राजनीतिक विश्लेषक, सभासद्, राजनीतिकर्मीहरू रहेका थिए । त्यसैगरी सहभागीहरू विभिन्न जिल्लाका राजनीतिकर्मी, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व, सञ्चारकर्मीलगायतका रहेका थिए । कार्यक्रममा प्रमुख वक्ताको विचारको अलावा मार्टिन चौतारीका तर्फबाट संविधान निर्माण प्रक्रियाका क्रममा

उठेका बहसहरूको संक्षिप्त खाका प्रस्तुत गरिएको थियो भने चौतारीले प्रकाशन गरेका नीतिपत्रहरू पनि वितरण गरिएको थियो ।

*(अ) बनेपा:* काभ्रे जिल्लाको बनेपामा ‘संविधान निर्माण प्रक्रियाका राजनीतिक बहसहरू’ विषयक एकदिने कार्यक्रम मंगलबार, २७ साउन २०६६ (११ अगष्ट २००९) मा सम्पन्न भयो । कार्यक्रममा प्राध्यापक कृष्ण खनाल, मानव अधिकारकर्मी कृष्ण पहाडी, सभासद्हरू दीपकुमार उपाध्याय (नेका), थममाया थापामगर (नेकपा एमाले), गोपाल ठाकुर (नेकपा एमाले) र कृष्ण सापकोटा (नेकपा एमाले) लगायतका प्रमुख वक्ताहरूले संविधान निर्माण प्रक्रियासम्बन्धी आआफ्नो दृष्टिकोण राखेका थिए । कार्यक्रममा भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक र दोलखा जिल्लाबाट गरी ११२ जना सहभागी भएका थिए जसमध्ये ६७ पुरुष र ४५ महिला थिए ।

*(आ) दमौली:* तनहुँको दमौलीमा मंगलबार, ३० भदौ २०६६ (१५ सेप्टेम्बर २००९) मा दोस्रो कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्राध्यापक कृष्ण खनाल, राजनीतिक विश्लेषक झलक सुवेदी, पत्रकार राजकुमार रेग्मी (अन्नपूर्ण पोष्ट), सभासद्हरू रवीन्द्र अधिकारी (नेकपा एमाले), साबित्रा गुरुङ दुरा (एनेकपा-माओवादी), पार्वती थापा (नेका), बुद्धिमान गुरुङ (एनेकपा-माओवादी) वक्ताका रूपमा रहेका थिए । लमजुङ, तनहुँ, कास्की, चितवन जिल्लाबाट आएका ९८ सहभागीमध्ये ६२ पुरुष र ३६ महिला थिए ।

*(इ) पाखीवास:* धनकुटाको पाखीवासमा आइतबार, २९ कार्तिक २०६६ (१५ नोभेम्बर २००९) मा तेस्रो छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्राध्यापक कृष्ण खनाल, लेखक खगेन्द्र संग्रौला प्रमुख वक्ता थिए । सुनसरी, भोजपुर, तेह्रथुम, संखुवासभा जस्ता छिमेकका जिल्लाबाट सहभागीहरू आएका थिए । कूल १०२ सहभागीमध्ये ७० जना पुरुष र ३२ महिला थिए ।

*(ई) पाटन:* चौथो कार्यक्रम बैतडीको पाटनमा ४ चैत २०६६ मा (१७ मार्च २०१०) सम्पन्न भयो । कार्यक्रममा प्राध्यापक कृष्ण खनाल र सभासद् शेरबहादुर कुँवर (नेकपा एमाले) प्रमुख वक्ताका रूपमा रहेका थिए । उक्त कार्यक्रममा अछाम, डोटी, डडेलधुरा, दार्चुला लगायतका जिल्लाबाट १७ महिला र ८० पुरुष गरी जम्मा ९७ जनाको सहभागिता रहेको थियो ।

### *५.३ नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचानसम्बन्धी बहस*
राजतन्त्र, हिन्दू धर्म र नेपाली भाषाको तीन खम्बामा आधारित पुरानो नेपाली राष्ट्रियता र नेपाली राष्ट्रिय पहिचानको अवधारणा २०४६ सालपछि नै कमजोर हुँदै गएको थियो जुन २०६२-६३ सालको जनआन्दोलनपछि ध्वस्तप्रायः भयो । त्यस्तै, विभिन्न समुदायबीच आआफ्नो समुदायको स्वार्थ अघि बढाउने प्रतिस्पर्धा चल्दा कतिपय स्थानमा सामाजिक सद्भाव पनि खल्बलिन पुगेको छ । पुराना अवधारणा, पहिचान काम नलाग्ने र नयाँ सृजना भैनसकेको परिप्रेक्ष्यमा देखिएको खाडल, असमञ्जसलाई पुर्नका लागि चौतारीले नेपाली राष्ट्रिय पहिचान, नेपाली राष्ट्रियतासम्बन्धी सृजनात्मक बहस शुरू गर्ने लक्ष्य राखेको थियो । सोहीअनुरूप नेपाली राष्ट्रिय पहिचान, नेपाली राष्ट्रियतासम्बन्धी सोचपत्र तयार गर्ने र उक्त अवधारणालाई लिएर मुलुकका विभिन्न पाँच ठाउँमा स्थानीय र क्षेत्रीय अन्तरक्रियात्मक कार्यक्रम गर्ने योजना थियो । लेखक सीके लाललाई उक्त विषयमा सोचपत्र तयार गर्न आग्रह गरिएअनुरूप सो पत्र प्राप्त भएपछि आर्थिक वर्षमा सो सोचपत्र र चौतारीले तयार पारेको नेपाली राष्ट्रिय पहिचानबारेको संक्षिप्त खाकाको आधारमा नेपाली राष्ट्रियताबारे काठमाण्डूसहित पाँच स्थानमा छलफल आयोजना गरियो । यस्ता छलफल अझ बढी गहन होओस् भनेर कार्यक्रम हुनु एक-दुई हप्ता पहिले नै सहभागीहरूलाई सोचपत्र पनि उपलब्ध गराइएको थियो । उपत्यका बाहिरका जिल्लाहरूमा राष्ट्रियता र राष्ट्रिय विभूतिका सन्दर्भमा प्रश्नावलीमार्फत मत संकलनसमेत गरिएको थियो । यस आ.व.मा सम्पन्न कार्यक्रमहरूको विवरण तल दिइएको छ । । लाललिखित ‘नेपालीय हुनलाई...’ शीर्षकको उक्त सोचपत्र *Studies in Nepali History and Society* जर्नलमा छापिँदैछ । आउँदो आर्थिक वर्षमा सो पत्रमाथि गरिएका टिप्पणीसमेत सामेल गरेर पुस्तकाकार रूपमा प्रकाशन गरिनेछ ।

*(अ) ललितपुर:* ललितपुरको पुल्चोकमा १२ फागुन २०६६ (२४ फेब्रुअरी २०१०) मा नेपाली राष्ट्रियताबारेको बहस कार्यक्रम सम्पन्न भयो । सो अवसरमा सीके लालले सोचपत्र प्रस्तुत गरेपछि खुला छलफल भएको थियो । कार्यक्रममा एनेकपा-माओवादीका बाबुराम भट्टराई, नेकाका नरहरि आचार्य, मधेसी जनाधिकार फोरमका जयप्रकाश गुप्तालगायत

नागरिक आन्दोलनकर्मी देवेन्द्रराज पाण्डे, लेखक खगेन्द्र संग्रौला, अभि सुवेदी आदि लेखक, बुद्धिजीवी, अधिकारकर्मी, पत्रकार, संस्कृतिकर्मीहरूले आ-आफ्नो विचार राखेका थिए । १० महिला ७३ पुरुष गरी जम्मा ८३ जना सहभागीहरू कार्यक्रममा उपस्थित थिए ।

*(आ) काठमाडौं:* मार्टिन चौतारीकै छलफल कक्षमा ७ जेठ २०६७ (२१ मे २०१०) मा दोस्रो कार्यक्रम सम्पन्न भयो । सीके लालले सोचपत्रमाथि प्रकाश पारेपछि खुला छलफल गरिएको थियो । चक्र बास्तोला (नेका), हृदयेश त्रिपाठी (तमलोपा), गोविन्दराज जोशी (नेका), पद्मलाल विश्वकर्मा (एनेकपा माओवादी), गोरेबहादुर खपांगी, आदि राजनीतिक दलका नेतालगयात बुद्धिजीवी, अधिकारकर्मी, प्राज्ञ तथा पत्रकारहरूको उक्त कार्यक्रममा सहभागिता थियो । कार्यक्रममा ३७ पुरुष १२ महिला गरी जम्मा ४९ सहभागी थिए ।

*(इ) रौतहट:* रौतहट जिल्लामा चन्द्रनिगाहपुर र गौर गरी दुई ठाउँमा २८ जेठ २०६७ (११ जुन २०१०) का दिन दुइटा कार्यक्रम सम्पन्न भए । कार्यक्रमको प्रमुख वक्ताका रूपमा सीके लाल र खगेन्द्र संग्रौला रहेका थिए । सीके लालले सोचपत्रमाथि आधारित रही आफ्नो दृष्टिकोण प्रस्तुत गरेपछि खुला छलफल भएको थियो । खगेन्द्र संग्रौलाले कार्यक्रमको समापन गर्दै आफ्नो विश्लेषण राखेका थिए । दुवै कार्यक्रममा गरी जम्मा १५० जना सहभागी रहेका थिए । त्यसमध्ये १५ जना महिला सहभागी थिए । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षक, अधिकारकर्मी, सञ्चारकर्मी, विद्यार्थीलगायतको उपस्थिति थियो ।

*(ई) सिन्धुली:* सिन्धुलीको कमलामाई नगरपालिकामा ३० जेठ २०६७ (१३ जुन २०१०) मा नेपाली राष्ट्रियता र नेपाली राष्ट्रिय पहिचानबारेको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख वक्ताको रूपमा खगेन्द्र संग्रौला र स्थानीय वक्ताको रूपमा मोहन बराल (नेका) रहेका थिए । सीके लालको सोचपत्रमा आधारित मार्टिन चौतारीका तर्फबाट संक्षिप्त खाका र खगेन्द्र संग्रौलाको विचार प्रस्तुत गरेपछि खुला छलफल भयो । कार्यक्रममा विभिन्न दलका प्रतिनिधि, अधिकारकर्मी, विद्यार्थी, शिक्षक, वकिल, सञ्चारकर्मी, आदि गरी करिव एक सय जनाको सहभागिता रह्यो जसमध्ये ११ महिला थिए ।

*(उ) मकवानपुर:* मकवानपुरको पिप्लेमा ३० असार २०६७ मा नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचान विषयक क्षेत्रीयस्तरको कार्यक्रमको आयोजना गरियो । सीके लाल लिखित 'नेपालीय हुनलाई...' शीर्षकको सोचपत्र कार्यक्रम तयारीक्रममा, एकाध साताअघि वितरण गरिएको थियो । कार्यक्रममा पहिले सोचपत्रका लेखक लालले संवोधन गरेपछि खुला छलफल गरिएको थियो । सहभागीहरूले उठाएका प्रश्नहरूको जवाफ लेखकले दिनुभएको थियो । अर्का प्रमुख व्यक्तित्व खगेन्द्र संग्रौलाले पनि सहभागीहरूका प्रश्नलाई संवोधन गर्दै आफ्ना विचार प्रस्तुत गर्नुभएको थियो । सोही विषयमा अन्य शिक्षक विद्यार्थीले पनि छलफल गर्न रुचि देखाएकाले थप अनौपचारिक छलफल आयोजना गरियो । उक्त कार्यक्रममा मकवानपुरका अतिरिक्त चितवन, बारा, पर्सा, रौतहट लगायतका जिल्लाबाट करिव १५० सहभागी भएका थिए ।

### *५.४ मानवीय सुरक्षासम्बन्धी सामग्री संकलन र समीक्षा*

परम्परागत अवधारणाअन्तर्गत सुरक्षालाई साँघुरो घेराबाट हेर्ने गरिन्छ । त्यस्तो साँघुरो बुझाईलाई चुनौती दिँदै सोको स्थानमा सुरक्षालाई सम्पूर्णतामा हेर्ने मानवीय सुरक्षासम्बन्धी अवधारणा अघि सार्नुपर्ने आवश्यकता चौतारीले महसुस गरेको हो । यसै परिप्रेक्ष्यमा मानवीय सुरक्षासम्बन्धी नेपालमा उपलब्ध सामग्रीको संकलन गर्ने र सोको समीक्षा गर्ने योजना थियो । सामग्री संकलनको काम सम्पन्न भएको र समीक्षा गर्ने कार्य जारी रहेको छ । आउँदो आर्थिक वर्षमा मानवीय सुरक्षाबारे अवधारणा पत्र तयार गर्ने र सोही अवधारणा पत्रको आधारमा मुलुकका विभिन्न स्थानमा अन्तरक्रियात्मक छलफल कार्यक्रमहरू आयोजना गरिनेछ । ३ असार २०६७ (१७ जुन २०१०) बाट लागू हुने गरी मार्टिन चौतारी र Enabling State Programme (ESP) बीच राष्ट्रिय पहिचान र मानवीय सुरक्षाबारे देशव्यापी छलफल चलाउन ११ महिने अनुदान सम्झौता भयो ।

*५.५ राज्य पुनःसंरचना र संविधानसभा सम्बन्धी सामग्री संकलन एवं पुस्तक प्रकाशन*

यस आर्थिक वर्षमा नेपाली राजनीति, राज्य पुनःसंरचना तथा संविधानसभासम्बन्धी विभिन्न सामग्रीहरू समेत संकलन गरियो । जसमा पुस्तक, प्रकाशित र अप्रकाशित प्रतिवेदन, जर्नल, म्यागजिन आदि पर्दछन् । संकलित सामग्रीहरूको संग्रहको रूपमा *राज्य पुनःसंरचना र संविधानसभा सन्दर्भ ग्रन्थ* (सन् २००९) प्रकाशन भयो ।

## ६. जनजीविका इकाइ

### ६.१ शिक्षा इकाइ

आर्थिक वर्ष २०६६-६७ अवधिमा मार्टिन चौतारीको शिक्षा इकाइअन्तर्गत निम्न कार्यहरू सम्पन्न गरिएका छन् ।

*६.१.१ नेपालको उच्च शिक्षामा सीमान्तकृत समुदायको पहुँच बढाउने कार्यक्रम*

यस कार्यक्रमअन्तर्गत विभिन्न सीमान्तकृत समुदायका प्रारम्भिक अनुसन्धाताहरूलाई १ वर्ष अवधिको अनुसन्धान फेलोसिप प्रदान गरिएको छ । यो फेलोसिपका दुइटा उद्देश्य रहेका छन् :

- सीमान्तकृत समुदायका प्रारम्भिक अनुसन्धाताको सामाजिक अनुसन्धानसम्बन्धी क्षमता अभिवृद्धि गर्ने;
- यी अनुसन्धातामार्फत खासगरी नेपालको उच्च शिक्षामा सीमान्तकृत समुदायहरूको समावेशीकरण अभिवृद्धि गर्ने बारेमा अनुसन्धान गर्न लगाउने ।

यसअन्तर्गत पहिलो चरणमा जनवरी २००९ मा खुला प्रतिस्पर्धाका आधारमा १५ जना (पछि ३ जनाले विभिन्न कारणवस छोडेकाले १२ जना) लाई सो फेलोसिप प्रदान गरिएको थियो । यी फेलोहरूले २००९ को अप्रिल महिनासम्म मार्टिन चौतारीले तयार गरेको Study and Research in Diversity and Pluralism कोर्समा सहभागी भएपश्चात सोही वर्षको जुनदेखि अनुसन्धान कार्य शुरु गरे । अनुसन्धान अवधिभर रिसर्च फेलोहरूलाई मार्टिन चौतारीले नियमित अनुगमन एवम् प्राज्ञिक सहयोग/निर्देशन प्रदान गरेको थियो । अनुसन्धानपश्चात् फेलोहरूले एक-एकओटा प्राज्ञिक लेख मार्टिन चौतारीलाई फेब्रुअरी २०१० मा बुझाइसकेका छन् । यी लेखहरूको संकलन पुस्तकाकार रूपमा मार्टिन चौतारीबाट आगामी आ.व.मा प्रकाशित हुनेछ ।

त्यसैगरी, डिसेम्बर २००९ मा दोस्रो चरणअन्तर्गत खुला प्रतिस्पर्धाका आधारमा १२ जनालाई सोही रिसर्च फेलोसिप प्रदान गरिएको छ । पहिलो चरणमा जस्तै यस चरणमा पनि ४ महिनाको कोर्स जनवरी-अप्रिल २०१० सकेपश्चात फेलोहरूले आ-आफ्नो अनुसन्धान सुरु गरेका छन् । दोस्रो चरणका फेलोहरूले पनि फेलोसिपको अन्त्यमा प्राज्ञिक लेख बुझाउन पर्ने हुन्छ जसलाई सम्पादित पुस्तकको रूपमा प्रकाशन गरिनेछ ।

*६.१.२ नेपालको शिक्षाका विभिन्न विषयसम्बन्धी अनुसन्धान एवं प्रकाशन*

यसअन्तर्गत नोभेम्बर २००९ मा Education in Nepal: Problem, Prospects and Social Change नामक पुस्तक प्रकाशित भएको छ । पुस्तकमा विभिन्न अन्तर्राष्ट्रिय जर्नल एवं पुस्तकमा पूर्व प्रकाशित लेखहरू संकलित छन् । यो पुस्तक विशेषगरी शिक्षासम्बन्धी अध्ययन अनुसन्धान गर्नेहरूका लागि लक्षित गरिएको छ र विभिन्न पत्रपत्रिकामा निस्केका समीक्षाहरूले यो पुस्तक सोका लागि महत्त्वपूर्ण रहेको औंल्याएका छन् ।

वि.सं. २०६५/६६ मा नेपालको उच्च शिक्षामा विभिन्न सामाजिक समूहहरूको उपस्थितिबारेमा गरिएको अध्ययन यस वर्ष *Studies in Nepali History and Society* जर्नलमा प्रकाशित भएको छ । यो लेखको शीर्षक Structures of Denial: Student Representation in Nepal's Higher Education हो । उच्च शिक्षाका असमान सहभागिताबारे लेखमा सुक्ष्म विश्लेषण गरेको छ जुन मार्टिन चौतारीको वेबसाइट www.martinchautari.org.np/pdf/pramodbhatta_lilaadhikari_manuthada_rameshrai.pdf मा पनि उपलब्ध छ । यसै वर्ष याम ब. पुन र सीता भट्टराईले नेपालको उच्च शिक्षासम्बन्धी सन्दर्भ सूची पनि तयार गर्नुभएको छ ।

यसबाहेक यस वर्ष दुई ओटा नयाँ पुस्तकका लागि कार्य शुरु भएको छ जुन आ.व. २०६७/६८ मा प्रकाशित हुनेछन् । पहिलो पुस्तक नेपालको उच्च शिक्षामा केन्द्रित हुनेछ र यसका लागि उच्च शिक्षामा विभिन्न विषयमा नयाँ अनुसन्धानात्मक लेखहरू लेख्न लेखकहरूलाई आग्रह गरिसकिएको छ भने केही लेखहरू प्रमोद भट्ट, याम ब. पुन र

सीता भट्टराईले तयार गरिरहनु भएको छ । दोस्रो पुस्तक नेपाल, भारत, बंगलादेश र श्रीलंकाको उच्च शिक्षा र समावेशीकरणमा केन्द्रित छ । यो पुस्तक मार्टिन चौतारीले अप्रिल २०१० मा आयोजना गरेको दक्षिण एसियाली सम्मेलनमा प्रस्तुत भएका लेखहरूको सँगालो हुनेछ ।

### *६.१.३ शिक्षासम्बन्धी सम्मेलन/छलफल*

मार्टिन चौतारीको शिक्षा शाखाले १३-१४ वैशाख २०६७ (२६-२७ अप्रिल २०१०) मा South Asia Conference: Enhancing Social Inclusion in Higher Education and Research विषयक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । दुईदिने उक्त सम्मेलन ललितपुरको होटल हिमालयमा आयोजना गरिएको थियो । सम्मेलनमा नेपाल, भारत, वंगलादेश र श्रीलंकाका गैरसरकारी संस्था तथा विश्वविद्यालयका प्राध्यापकहरूले सोही विषयमा विभिन्न कार्यपत्रहरू प्रस्तुत गरेका थिए । नेपालका विभिन्न विश्वविद्यालयका उपकूलपतिहरू, शिक्षाध्यक्ष, तथा विश्वविद्यालय अनुदान आयोगका अध्यक्षले समेत यो सम्मेलनमा कार्यपत्रहरू प्रस्तुत गरेका थिए । यस्तो प्रकारको सम्मेलन दक्षिण एसियाली क्षेत्रमै पहिलो पटक आयोजना भएको हो र यो सम्मेलनले उच्च शिक्षामा समावेशीकरण कसरी बढाउन सकिन्छ भन्नेबारेमा महत्त्वपूर्ण योगदान दिएको विश्वास गर्न सकिन्छ । यी कार्यपत्रहरूलाई एउटा सम्पादित पुस्तकका रूपमा प्रकाशन गर्ने कार्य अघि बढिरहेको छ ।

यसबाहेक मार्टिन चौतारीले आफ्नो नियमित छलफल शृङ्खलाअन्तर्गत हरेक अंग्रेजी महिनाको पहिलो आइतबार शिक्षासम्बन्धी छलफलको आयोजना गर्दै आएको छ । यस वर्ष सम्पन्न आठओटा छलफलहरूको विवरण तल दिइएको छ ।

*२०६६ साउन ६*
एकीकृत नेकपा माओवादीको नजरमा नेपालको भावी शिक्षा नीति
धर्मेन्द्र बास्तोला, पूर्व प्रमुख, शैक्षिक मोर्चा, एनेकपा माओवादी

*२०६६ साउन २०*
नेपालको शिक्षा क्षेत्रमा पुनर्संरचनाः नेकपा (एमाले) भित्रको बहस
महेन्द्र पाण्डे, प्रमुख, शिक्षा तथा मानव स्रोत विभाग, नेकपा (एमाले)

*२०६६ भदौ १६*
संविधान निर्माण प्रकृयामा शैक्षिक पुनःसंरचनासम्बन्धी वहस
गगन थापा, सभासद्, नेपाली कांग्रेस

*२०६६ कात्तिक १७*
विद्यालय छाड्ने प्रवृति र सामाजिक बहिष्करण
डा. विनय कुमार कुसियत, उप-प्राध्यापक, केन्द्रिय शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय

*२०६६ मङ्सिर १६*
जीवनपर्यन्त शिक्षाका लागि अनौपचारिक शिक्षाका सम्भावनाहरू
कपिलदेव रेग्मी, एमफिल विद्यार्थी, स्कुल अफ एजुकेशन, काठमाडौं विश्वविद्यालय

*२०६६ माघ २४*
शिक्षा नीति तथा कार्यान्वयनबीचको दूरी : कार्यक्षेत्रबाट नियाल्दा
डा. भोजराज शर्मा काफ्ले, उप-सचिव, शिक्षा मन्त्रालय

*२०६६ चैत २२*
Education for Development: A Socio-historical Discourse Analysis of Development Initiatives in Nepal (1951-1980)
Sara Elmer, PhD candidate, Swiss Federal Institute of Technology, Zurich

*२०६७ जेठ २३*
Why Multilingual Education in Nepal?: Multiple Perspectives
Miranda Weinberg, Fulbright Student Scholar

**६.२ जलवायु परिवर्तन इकाइ**
यस आर्थिक वर्षको अन्त्यतिर (मे २०१०) बाट जलवायु परिवर्तनको समीक्षात्मक अध्ययन शुरु भएको हो । अध्ययनको उद्देश्य जलवायु परिवर्तनबारे नेपालमा भएका नीति, कार्यक्रम, बहस तथा अध्ययन/अनुसन्धान (ज्ञान) को समीक्षा गरेर अनुसन्धानपत्र तथा नीतिपत्र तयार गर्नु रहेको छ । यसका लागि यस विषयमा काम गरिरहेका संस्थाको अध्ययन, छापाको अन्तरवस्तु विश्लेषण, पूर्वप्रकाशित कृतिहरूको समीक्षा र यो विषयमा सक्रिय व्यक्तिसँग अन्तरवार्ता जस्ता गतिविधि पर्छन् । यसकालागि अहिलेसम्म संस्थाहरूको सूची बनाउने, छापाको अन्तरवस्तु जम्मा गर्ने र पूर्व प्रकाशित कृतिको सन्दर्भ सूची बनाउने कार्यको प्रारम्भिक चरण सकिएको छ । त्यो सूचीलाई परिस्कृत गर्ने र संस्थाको अध्ययन तथा व्यक्तिसँग अन्तरवार्ता लिने काम शुरु भएको छ । अन्तरवस्तु विश्लेषण तथा पूर्वकृतिको समीक्षासहितको अनुसन्धान पत्रको लेखन र नीति पत्रको लेखन कार्य बाँकी छ । यस अध्ययनमा परामर्शदाताका रूपमा शरद घिमिरेले काम गरिरहनु भएको छ र अन्तरवस्तु संकलनमा प्रभाकर गौतमले सघाउनु भएको छ । यो कार्यक्रमको अवधि ६ महिना (अक्टोबर २०१० सम्म) को छ । कार्यक्रमको अर्को चरणको लागि जलवायु परिवर्तनबारे नेपालीमा एउटा रिडर प्रकाशन गर्ने योजना छ ।

**६.३ स्वास्थ्य इकाइ**
यस आर्थिक वर्षमा स्वास्थ्यसम्बन्धी काम गर्ने जिम्मा आशीष सिन्हालाई दिइएको थियो । उहाँको नेतृत्वमा Prevalence and Trend of Tobacco, Alcohol, and Drug Use among Higher Secondary Students of Metropolitan Kathmandu Valley बारे अनुसन्धान गरिएको थियो । उक्त अनुसन्धानबाट प्राप्त नतिजा २७ असार २०६७ (११ जुलाई २०१०) मा चौतारीमा प्रस्तुत गरिएको थियो । अनुसन्धानको अन्तिम प्रतिवेदन तयार हुँदैछ ।

**७. प्रशासन शाखा**
मार्टिन चौतारीमा यस आर्थिक वर्षमा रूप प्रधान, विन्दु श्रेष्ठ र विद्या शर्मालाई क्रमशः अफिस म्यानेजर, वित्तीय सहायक र सहायक लाइब्रेरीयन पदहरूमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरियो । त्यसैगरी अङ्गलाल चलाउनेलाई पुस्तकालय सहयोगीको पदमा नियुक्त गरियो । शिक्षा कार्यक्रमका लागि गत वर्षको शिक्षा फेलोसिप प्राप्त गर्नेहरू मध्येबाट प्रतिस्पर्धा गराई दुई जना अनुसन्धानकर्ता यामबहादुर पुन र सीता भट्टराईलाई नियुक्त गरियो । व्यक्तिगत कारण देखाएर अफिस म्यानेजर रूप प्रधानले राजीनामा दिएकाले उहाँले सम्हाल्दै आएको जिम्मेवारी वित्तीय अधिकृत विवेक शाह र वित्तीय सहायक विन्दु श्रेष्ठलाई क्रमशः म्यानेजर र सहायक म्यानेजरको कार्यभार सम्हाल्न दिई पदोन्नत्ति गरियो । जुनियर अफिस सहायकको रूपमा कार्यरत निरु भुजेलको काम सन्तोषजनक नभएकोले तीन महिनाको तलब सुविधा दिई अवकाश दिइयो । उक्त पदमा सन्तोषी तामाङलाई नियुक्त गरियो । सिनियर कार्यालय सहयोगी जमुना खड्गी सुत्केरी बिदामा बसेको हुँदा अल्पावधिका लागि उक्त कार्यभार सम्हाल्न गंगा तामाङलाई नियुक्त गरियो । अनुसन्धानकर्ताहरू कृष्ण अधिकारी, अनुभव अजीत र शेखर पराजुलीले यही आ.व.मा दिएको राजीनामा पनि स्वीकृत गरियो ।

चालू आ.व.को वार्षिक कार्ययोजना र बजेटअनुरूप कार्यान्वयनको स्थितिको संयुक्त मूल्याङ्कनको लागि विनोदकुमार भट्टराईलाई परामर्शदाताको रूपमा छनोट गरी सो काम सम्पन्न गरियो । चौतारीका कर्मचारीहरूको क्षमता वृद्धि गर्न यसै आ.व.मा रिसेप्सनिस्ट अनिता दुलाल, अनुसन्धानकर्ता देवराज हुमागाई, प्रभाकर गौतम, कैलाश राई, चिरन मानन्धर, डिजाइनर किशोर प्रधान, पुस्तकालय सहायक रमिता महर्जन र जुनियर कार्यालय सहायक बुद्धकुमार श्रेष्ठलाई अंग्रेजी भाषा तालिमको अवसर दिइयो । वित्तीय अधिकृत विवेक शाह र मिडिया अनुसन्धान संयोजक शेखर पराजुलीलाई नर्वेजियन चर्च एडको कार्यक्रममा भाग लिन बङ्गलादेश पठाइयो । त्यसैगरी, चौतारीमा लैंगिक-मैत्री र समावेशी वातावरण बनाउनको निम्ति संस्थामा कार्यरत कर्मचारीहरू र कार्यकारी सदस्यहरूलाई राखी ९ जेठ २०६७ (२३ मे २०१०) मा आधा दिने लैंगिक र समावशी तालिम दिइयो । प्रशिक्षक छाया झाले उक्त तालिम दिनुभएको थियो ।

चौतारीको व्यवस्थापन चुस्त-दुरुस्त बनाउने र सुशासन कायम गर्ने उद्देश्यले यस आ.व.मा वित्तीय नियमावली बनाउन चार्टर एकाउन्टेन्ट प्रवीनध्वज जोशीलाई परामर्शदाताको रूपमा जिम्मा दिइयो । जोशीबाट पहिलो चरणको ड्राफ्ट प्राप्त भएको छ । सुशासन नियमावलीको पहिलो चरणको ड्राफ्ट पनि तयार भएको छ । त्यस्तै, कर्मचारी नियमावलीलाई पुनः संशोधन गरी यसै आ.व.मा कार्यकारी समितिबाट पारित गरियो ।

यही आ.व.मा आएको राष्ट्र बैंकको परिवर्तित निर्देशिकाअनुसार यस संस्थाको नविल बैंकमा रहेको वचत खाताहरूलाई वन्द गरी सोही बैंकमा करेन्ट कल एकाउन्ट (Current Call Account) खोलियो । साथै नेपाल बङ्गलादेश बैंकमा रहेको वचत खाता प्रयोगमा नआउने भएकोले बन्द गरियो ।

१७ पुस २०६६ (१ जनवरी २०१०) देखि लागू हुने गरी चौतारीमा कार्यरत कर्मचारीहरूको खाईपाई आएको तलबमा वृद्धि गरिएको छ । वृद्धि भएको तलबको भुक्तानी आउँदो आ.व. २०६७/६८ मा हुनेछ । यसै वर्ष चौतारीको आधारभूत तलब संरचना (Generic Salary Structure) पनि कार्यकारी समितिबाट पारित भयो ।

## ८. कार्य समिति

आ.व. २०६६/६७ को लागि मार्टिन चौतारीको कार्यसमिति यस प्रकार रहेको छ ।

| | |
|---|---|
| अध्यक्ष | सेरा तामाङ |
| सचिव | प्रत्यूष वन्त |
| कोषाध्यक्ष | सिर्जना सुब्बा |
| सदस्यहरू | वसन्त रञ्जितकार, धर्म स्वर्णकार, सङ्गीता पाण्डे र मधुसुदन सुवेदी |